# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७६ पुस २८

**युपीआरको कार्यान्वयन अवस्था र मानव अधिकारका सवाल सम्बन्धमा राष्ट्रिय परामर्श तथा छलफल**

संयुक्त राष्ट्रसंघीय मानव अधिकार संयन्त्र अन्तर्गत विश्वव्यापी मानव अधिकार समीक्षा (यु.पी.आर) को दोश्रो चक्रबाट नेपाललाई प्राप्त सिफारिसहरुको कार्यान्वयन अवस्था र मानव अधिकारका सवाल सम्बन्धमा आयोगले आज सरोकारवालासँग राष्ट्रिय परामर्श तथा छलफल सम्पन्न गरेको छ ।

कार्यक्रममा नेपाल सरकारका परराष्ट्र मन्त्री माननीय प्रदीप कुमार ज्ञवालीले नेपालको संविधान विश्वमा उदाहरणीय रहेको बताउँदै मानव अधिकार र सामाजिक न्यायको सवालमा सरकार प्रतिबद्ध रहेको एवं परामर्शबाट प्राप्त सुझावहरुलाई नेपाल सरकारले सकेसम्म सम्बोधन गर्ने भनाई राख्नुभयो । राज्य व्यवस्था तथा सुशासन समितिका सभापति माननीय शशी श्रेष्ठले कानूनका दृष्टिकोणले नेपाल प्रगतिशील रहेको तर कार्यान्वयन अवस्था कमजोर रहेको बताउँदै साधन स्रोतको उपलब्धता र कार्यान्वयन क्षमतालाई आँकलन गरेर कानून निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । कानून न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखेलले लोकतन्त्र, संविधानको मुल्य मान्यता र सम्माननीय सर्वोच्च अदालतको सिद्धान्तबाट बाहिर गएर सरकार कुनैपनि कार्य नगर्ने भनाई राख्नुभयो । साथै, उहाँले मानव अधिकार आयोग सम्बन्धी ऐनको विषयमा समिति संवेदनशील रहेको बताउनुभयो । अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति पवित्रा निरौला खरेलले मानव अधिकारका विषयमा नेपालले गरेका प्रतिबद्धताहरुको पूर्णरुपमा कार्यान्वयन हुनुपर्ने तथा कार्यान्वयन हुन नसकेका विषयमा नेपाल सरकार संवेदनशील हुनुपर्ने भनाई राख्नुभयो ।

कार्यक्रममा बोल्दै आयोगका माननीय अध्यक्ष अनूपराज शर्माले आयोगले नियमावलीको अभावले संविधानमा उल्लेखित मौलिकहकको कार्यान्वयन हुन नसकेकोमा चिन्ता व्यक्त गर्दै मानव अधिकार परिषद्मा पेश गर्ने प्रतिवेदन नेपालको वास्तविक मानव अधिकारको अवस्थालाई प्रतिबिम्बित गर्ने बताउनुभयो । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आयोगका माननीय सदस्य सुदिप पाठकले मानव अधिकारको अवस्था र चुनौतीबारे समीक्षा गरि प्रतिवेदन पेश गरिने बताउनुभयो । युपीआर बाट प्राप्त सिफारिसको कार्यान्वयन अवस्था सम्बन्धमा आयोगका नि. सचिव मुरारिप्रसाद खरेलले प्रस्तुति गर्नुभएको थियो । छलफलको क्रममा जातीय विभेद, जेष्ठ नागरिक, महिला अधिकार, बाल अधिकार, शिक्षा, स्वास्थ्य लगायतका विभिन्न विषयहरुमा आयोगले सूक्ष्म रुपबाट अध्ययन विश्लेषण गरेर तथ्यांकगत आधारमा प्रतिवेदन तयार गर्नुपर्ने सुझाव प्राप्त भएको छ ।

आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आयोगका माननीय सदस्यहरु, आयोगका पूर्व सदस्यहरु, नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिवहरु, सहसचिवहरु, सुरक्षाकर्मीका पदाधिकारीहरु, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, कानून व्यवसायी, मानव अधिकारकर्मी, सञ्चारकर्मी, आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

मुरारिप्रसाद खरेल

नि. सचिव/निर्देशक


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org